# संवत् २०७८ साल असोज २० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः

प्र.मं.प.बै.सं. २७।०७८

१. प्रदेश नीति तथा योजना आयोगको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।

२. हेलिकप्टर भाडामा लिई प्रयोग गर्न सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको सिफारिस समिति गठन गर्ने र कार्यशर्त तोक्ने।

**(क) सिफारिस समितिः**

| | |
|---|---|
| माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री | - संयोजक |
| प्रदेश सचिव अर्थ मन्त्रालय | - सदस्य |
| प्रदेश सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| प्रदेश सचिव सम्बन्धित मन्त्रालय | - सदस्य |
| प्रदेश सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य सचिव |

**(ख) कार्यशर्तः**

१. विपद् तथा महामारीका बेला राहत तथा पुनर्स्थापनाका सामाग्री वितरण गर्न, स्थलगत मार्गबाट जान संभव नभएको वा अत्यावश्यक देखिएको समयमा मात्र हेलिकप्टर भाडामा लिई प्रयोग गर्ने,

२. हेलिकप्टर भाडामा लिई प्रयोग गर्ने/व्यवस्थापन गर्ने कार्यका लागि प्रदेश सरकार, मन्त्रीपरिषदबाट उच्चस्तरीय संयन्त्र बनाई आवश्यकता र औचित्यताका आधारमा पूर्ववत रुपमा निर्णय गरी खर्च व्यहोर्ने स्रोत समेत सुनिश्चित गरी हेलिकप्टर प्रयोग गर्ने।

३. विश्व पर्यटन दिवस, २०२१ को अवसरमा गण्डकी प्रदेश सरकारको निमन्त्रणामा पोखरा भ्रमणमा आउनु भएका कुटनीतिज्ञहरुलाई परराष्ट्र मन्त्रालय मार्फत धन्यवाद ज्ञापन गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

दृष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

## संवत् २०७८ साल असोज २५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः

**प्र.मं.प.बै.सं. २८।०७८**

१. गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७८ स्वीकृत गर्ने।

२. कोरोना कोषलाई साविकको सामाजिक विकास मन्त्रालयबाट प्रमाणित आर्थिक विवरण सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नाममा स्थानान्तरण गर्ने।

गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयहरु

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।